# भाग ४

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्रमिक तथा व्यवस्थापकबीच स्थानीय र राष्ट्रिय स्तरमा समय-समयमा उठ्ने विवाद र समस्याहरूको न्यायोचित समाधान खोज्ने तथा स्वस्थ औद्योगिक सम्बन्ध विकसित गर्दै जाने दृष्टिकोणबाट श्रमिक व्यवस्थापक र श्री ५ को सरकारबीच परस्परमा सहयोग र समन्वयको वातावरण कायम गर्न श्री ५ को सरकारको मिति २०४७।२।४ को निर्णयानुसार त्रिपक्षिय आधारमा देहायबमोजिमको राष्ट्रिय श्रम सल्लाहकार समिति गठन गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

**समितिको गठनविधि:**

| | | |
|---|---|---|
| १. | माननीय, श्रम तथा सामाजिक कल्याण मन्त्री । राज्य मन्त्री | अध्यक्ष |
| २. | सचिव, श्रम तथा सामाजिक कल्याण मन्त्रालय | – १ सदस्य |
| ३. | सचिव, उद्योग मन्त्रालय | – १ सदस्य |
| ४. | सह-सचिव, पर्यटन मन्त्रालय | – १ सदस्य |
| ५. | सह-सचिव, निर्माण तथा यातायात मन्त्रालय | – १ सदस्य |
| ६. | सह-सचिव, कृषि मन्त्रालय | – १ सदस्य |
| ७. | सह-सचिव, अर्थ मन्त्रालय (संस्थान समन्वय महाशाखा) | – १ सदस्य |
| ८. | सह-सचिव, गृह मन्त्रालय | – १ सदस्य |
| ९. | सभापति, नेपाल उद्योग वाणिज्य संघ | – १ सदस्य |
| १०. | सभापति, नेपाल होटल संघ | – १ सदस्य |
| ११. | सभापति, नेपाल यातायात व्यवसायी संघ | – १ सदस्य |
| १२. | सभापति, नेपाल गलैंचा उद्योग संघ | – १ सदस्य |
| १३. | सभापति, नेपाल एशोसिएशन अफ ट्राभल्स एजेण्टस् | – १ सदस्य |
| १४. | सभापति, ट्रेकिङ एजेण्टस् एशोसिएशन अफ नेपाल | – १ सदस्य |
| १५. | अध्यक्ष, नेपाल तयारी पोशाक उद्योग संघ | – १ सदस्य |
| १६. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ | – २ सदस्य |
| १७. | मजदूर संघ वा ट्रेड युनियनका प्रतिनिधि | – ९ सदस्य |
| १८. | महानिर्देशक, श्रम विभाग | – १ सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।